"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्याः- राजस्व प्र.शाखा ०७५।०७६

चलानी नं.:-

### पाचौं पटक प्रकाशित मिति : २०७५।०४।१४

### डाक बढाबढको सूचना

प्रथम नगर सभावाट स्वीकृत यस भद्रपुर नगरपालिकाको आर्थिक ऐन २०७४ बमोजिम नगरपालिकाले उठाउन पाउने आ.व.२०७५।७६ सम्झौता भएको मितिवाट ०७६ असार मसान्त सम्मको लागि भद्रपुर ८ स्थित अतिथि गृह जानेवाटोको पार्किग शुल्क बन्दोबस्त गर्ने सम्बन्धमा डाक कवोल गर्न चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले मिति २०७५।०४।१० गते दिनको १.०० बजे भित्र धरौटी रकम जम्मा गरी सोही मिति २०७५।०४।१० गते दिनको २.०० बजे देखि कार्यालय समय सम्म खुल्ला डाक बडावड गर्ने गरी मिति २०७५।०४।०८ गते चौथो पटक यस न.पा.कार्यालयबाट खुल्ला डाक बडावड सूचना प्रकाशित गरिएकोमा कोहि कसैले पनि उक्त डाक बडावडमा भाग लिन नआएकोले नगर स्तरिय राजश्व परामर्श समितिको सिफारिस अनुसार साविकमा भएको ठेक्का अंकमा २० % हुने रकम घटाई तपसिलमा उल्लेख भए अनुसारको रकम न्यूनतम ठेक्का अंक कायम गरिएको ले पुनः यो ३ (तिन) दिने खुल्ला डाक बडावड सुचना प्रकाशित गरिएको छ ।

अतः उक्त ठेक्काहरु लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले यस कार्यालयवाट प्रथम पटक प्रकाशित मिति २०७५।२।१६ गतेको सूचनाको शर्तहरुको अधिनमा रहि अक्षरस पालना गर्ने गरि मिति २०७५।४।१६ गतेका दिन (उक्त दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट) दिनको २.०० देखि कार्यालय समय भित्र यस न.पा.का.मा उपस्थित भई तपसिल बमोजिमको कायम न्युनतम ठेक्का मा नघटाई सो भन्दा माथि कवोल गर्ने गरि सोही दिन मिति २०७५।०४।१६ गते दिनको १.०० बजे भित्र अनिवार्य रुपले आफूले कबोल गर्न चाहेको कुल ठेक्का अंक रकमको ५% प्रतिशत धरौटी रकम यस कार्यालयको रा.वा. बैंक, भद्रपुरमा खुलेको च.हि.न.(ग-३-२) २२१०३०३००७१०३ धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नगद र आन्तरिक राजश्व कार्यालयको मुल्य अभिबृद्धि कर ,पान दर्ता गराएको प्रमाण पत्र समेत कार्यालयमा दाखिला गरी धरौटी जम्मा गरेको व्यक्ति, फर्म वा संस्थाहरु विच नियमानुसार डाक बढाबढ गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको मिति, समय र स्थानमा डाक बढाबढ नगरेमा पछि कुनै प्रकारको उजुर वाजुर लाग्ने छैन, नियमानुसार डाक बढाबढ भई जानेछ । हुलाक, टेलिफोन, इन्टरनेट, फ्याक्स, मोबाईलबाट बोली पठाएको डाकलाई मान्यता दिइने छैन । डाक स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ । अन्य विस्तृत जानकारीको लागी भद्रपुर नगरपालिका राजश्व प्रशासन शाखामा सर्म्पक राख्न सकिनेछ ।

तपसिल

| ठे.नं. | विवरण | न्यूनतम डाक अंक रु. (मूल्य अभिबृद्धि कर वाहेक) |
|---|---|---|
| १ | पार्किङ्ग शुल्क : भद्रपुर ८ स्थित अतिथी गृहतर्फ जाने बाटो | २,०६,२६४।– |

तुलसी बहादुर श्रेष्ठ
(प्रमुख प्रशासकिय अधिकृत)

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc

कार्यालय प्रमुखः ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००९५. Fax: 00977-23-520781,
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०४५९, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np